# अध्याय दुई : जनसंख्या विवरण तथा प्रक्षेपण

## २.१ जनसंख्याको आकार

राष्ट्रिय जनगणना २०५८ अनुसार नुवाकोट जिल्लाको जनसंख्या २,८८४७८ रहेको छ । यस अधि २०४८ को जनगणनामा जिल्लाको कूल जनसंख्या २,४५,२६० रहेको थियो भने २०३८ मा २,०२,९७६ रहेको थियो ।

**तालिका २.१ : जनसंख्या सम्बन्धि विवरण**

| राष्ट्रिय जनगणना वर्ष | जनसंख्या | | | | | वृद्धि दर (प्रतिशत) | घरधुरी संख्या | औषत परिवार आकार |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | पुरुष | प्रतिशत | महिला | प्रतिशत | | | |
| २०३८ | २०२९७६ | १०४४९३ | ५१.४८ | ९८४८३ | ४८.५७ | | | |
| २०४८ | २४५२६० | १२२५३१ | ४९.०६ | १२२७२९ | ५०.०४ | १.९२ | ४५६५७ | ५.४ |
| २०५८ | २८८४७८ | १४२७३१ | ४९.४८ | १४५७४७ | ५०.५२ | १.६२ | ५३१६९ | ५.४ |

*श्रोत: राष्ट्रिय जनगणना २०३८,२०४८ र २०५८, केन्द्रीय तथ्यांक विभाग ।*

२०३८ मा लैङ्गिक अनुपात १०६.१ रहेकोमा २०४८ मा ९९.८ र २०५८ मा ९७.९ रहेको देखिएको छ । २०५८ मा २०४८ को तुलनामा घरघुरी संख्या बढेको देखिएता पनि औषत परिवार संख्या त्यतिनै रहेको देखिन्छ ।




## २.२ जनसंख्याको वृद्धिदर

राष्ट्रिय जनगणना २०५८ अनुसार यस जिल्लाको जनसख्या वृद्धिदर १.६२ प्रतिशत रहेको पाईएको छ । २०४८ सालको जनगणनाको तुलनामा वृद्धि दर १.९२ प्रतिशत वाट घटेको देखिन्छ । राष्ट्रिय जनसंख्या वृद्धिदर २.२७ प्रतिशतको तुलनामा नुवाकोट जिल्लाको जनसंख्या वृद्धिदर कम रहेको छ । शहरी जनसंख्याको वृद्धिदर र ग्रामीण जनसंख्याको वृद्धिदर तुलना गर्दा शहरी वृद्धिदर १.२५ प्रतिशत मात्र रहेको र ग्रामिण वृद्धिदर १.६७ प्रतिशत रहेको पाइन्छ ।

## २.३ जनसंख्याको अवयव विश्लेषण

नुवाकोट जिल्लाको कूल प्रजनन दर ४.५ रहेको छ जुन राष्ट्रिय कूल प्रजनन दर ४.१ को तुलनामा केही बढी छ । कोरा मृत्यु दर ९.६२ प्रति हजार रहेको छ । औषत आयु पुरुषको ६२.८७ वर्ष र महिलाको ६४.३४ वर्ष रहेको छ, जुन राष्ट्रिय औषत आयुको तुलनामा केही बढी नै छ । बाल विवाह दर १२.९५ भने परिवार नियोजन साधन प्रयोग दर २६.२३ रहेको छ । यस जिल्लाको जनसंख्याको अवयव सम्बन्धि सूचकहरु तालिका २.२ दिईएको छ ।

**तालिका २.२: जनसंख्याको अवयव विवरण**

| क्र.स. | बिषय | जिल्ला स्तर | राष्ट्रिय स्तर |
|---|---|---|---|
| १ | कूल प्रजनन दर (प्रतिशत) | ४.५० | ४.१ (२०५८/०५९) |
| २ | कोरा जन्मदर (प्रति हजार) | तथ्यांक उपलब्ध नभएको | ३३.५८ (२०५८/०५९) |
| ३ | कोरा मृत्युदर (प्रति हजार) | ९.६२ | ९.९६ |
| ४ | मातृ मृत्युदर (प्रति लाख) जिवित बच्चा | | ४१५ |
| ५ | बाल मृत्युदर (प्रति हजार) | | ९.१ |
| ६ | शिशु मृत्युदर (प्रति हजार) | | ६४ |
| ७ | औषत आयु | | ५८.९५ |
| | पुरुष (वर्ष) | ६२.८७ | ५९.३* |
| | महिला (वर्ष) | ६४.३४ | ५९.८* |
| | बाल विवाह दर | १२.९५ | २१.४७ |
| | परिवार नियोजन साधन प्रयोग दर | २६.२३ | ३९.३ |

*श्रोत: बार्षिक प्रतिवेदन २०६०/०६१ स्वास्थ्य सेवा विभाग । Nepal HDR 2003.*

## २.४ जनसंख्याको बनावट

यस जिल्लाको जनसंख्याको ०-१४ वर्ष उमेर समूहमा ३९.३४ प्रतिशत रहेको छ । यस समूहले तत्काल सन्तान उत्पादन गर्ने उमेर पुग्ना साथै जनसंख्या वृद्धि गर्न थाल्दछ र जनसंख्या वृद्धिदर अझ वढाउँछ । यसै गरी यस जिल्लामा पुरुषको भन्दा महिलाको जनसंख्या २.१ प्रतिशतले बढी देखिन्छ । हुन त ६ महिना देखि बाहिर बसेकाहरुलाई गणनामा सामेल नगरिकाले पुरुषको संख्या कमी भएको हुन सक्छ किनभने बढी पुरुषहरु वैदेशिक सेवामा गएको हुन सक्दछन् र धेरै जसो १ वर्ष भन्दा वढी नै जिल्ला वाहिर बसेको हुन सक्दछन् । उमेर समूह अनुसारको जनसंख्या विवरण तालिकामा २.३ मा देखाईएको छ ।



१० वर्ष वा सो भन्दा  बढी उमेरका मानिसहरु लाई आर्थिक रुपमा सक्रिय जनसंख्याको रुपमा लिइन्छ । यस हिसावले नुवाकोट जिल्लामा कूल जनसंख्याको ७५ प्रतिशत आर्थिक रुपमा सक्रिय जनसंख्या रहेको देखिन्छ । यो प्रतिशत महिला र पुरुषको बरावर रहेको छ ।

**तालिका २.३ : उमेर समूह अनुसारको जनसंख्या**

| उमेर समूह | पुरुष | | महिला | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| (वर्ष) | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| ०-४ | १६०६९ | ११.२६ | १६०४० | ११.०१ | ३२१०९ | ११.१ |
| ५-९ | २०२०९ | १४.१६ | २०५८४ | १४.१२ | ४०७९३ | १४.१ |
| १०-१४ | २०४०६ | १४.३० | २०२०४ | १३.८६ | ४०६१० | १४.१ |
| १४-१९ | १५२४२ | १०.६८ | १६२८५ | ११.१७ | ३१५२७ | १०.९ |
| २०-२४ | ११४२८ | ८.०१ | १२७३४ | ८.७४ | २४१६२ | ८.४ |
| २५-२९ | ८६८७ | ६.०९ | १०१९१ | ६.९९ | १८८७८ | ६.५ |
| ३०-३४ | ८४६६ | ५.९३ | ८७७२ | ६.०२ | १७२३८ | ६.० |
| ३५-३९ | ७८५२ | ५.५० | ७७९० | ५.३४ | १५६४२ | ५.४ |
| ४०-४४ | ७०७५ | ४.९६ | ७१०४ | ४.८७ | १४१७९ | ४.९ |
| ४५-४९ | ५९३७ | ४.१६ | ५४७७ | ३.७६ | ११४१४ | ४.० |
| ५०-५४ | ५१५४ | ३.६१ | ५०१२ | ३.४४ | १०१६६ | ३.५ |
| ५५-५९ | ४३११ | ३.०२ | ३८३२ | २.६३ | ८१४३ | २.८ |
| ६०-६४ | ३८२० | २.६८ | ३९८३ | २.७३ | ७८०३ | २.७ |
| ६५-६९ | ३१६४ | २.२२ | २९७५ | २.०४ | ६१३९ | २.३ |
| ७०-७४ | २२९९ | १.६१ | २१२१ | १.४६ | ४४२० | १.५ |
| ७५+ | २६१२ | १.८३ | २६४३ | १.८१ | ५२५५ | १.८ |
| नुवाकोट | १४२७३१ | १०० | १४५७४७ | १०० | २८८४७<br>८ | १००.० |

*श्रोत : राष्ट्रिय जनगणना २०५८, केन्द्रीय तथ्याङ्क विभाग ।*

## २.५ जनसंख्याको वितरण

### २.५.१ शहरी तथा ग्रामीण

२०४८ को जनगणना अनुसार नुवाकोट जिल्लामा केवल ७.६ प्रतिशत जनसंख्या शहरी क्षेत्रमा बस्ने गरेकोमा २०५८ सालको जनगणनामा ७.३ प्रतिशत रहेको देखिन्छ । राष्ट्रिय स्तरमा १४.२ प्रतिशत शहरी जनसंख्याको तुलनामा नुवाकोटको शहरी जनसंख्याको प्रतिशत आधाले कम छ । २०४४ सालमा मात्रै विदुर नगरपालिका स्थापना भई जिल्लाको सदर मुकाम यहाँ रहँदै आएको हुँदा २०४८ को जनगणना देखि मात्रै शहरी जनसंख्याको तथ्याङ्क संकलन गरिन थालेको हो । यसैले २०४८ भन्दा अगाडिको शहरी क्षेत्रको जनसंख्याको वारेमा तथ्याङ्क प्राप्त हुन सकेन ।  यसैले नुवाकोट जिल्लाको शहरी जनसंख्या र त्यसको वृद्धि दर भन्नाले विदुर नगरपालिकाको स्थितिलाई मात्र दर्शाउँछ ।



**तालिका २.४: विदुर नगरपालिकाको जनसंख्या**

| वर्ष | जिल्लाको कूल जनसंख्या | शहरी जनसंख्या | | राष्ट्रियस्तरमा शहरी जनसंख्या (%) | शहरी जनसंख्या वृद्धिदर |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | | |
| २०४८ | २४५२६० | १८७९४ | ७.७ | ९.५ | |
| २०५८ | २८८४७८ | २११९३ | ७.३ | १४.२ | १.६७ |

*श्रोत : राष्ट्रिय जनगणना २०५८, केन्द्रीय तथ्याङ्क विभाग ।*

## २.५.२ भौगोलिक वितरण

२०४८ को जनगणना अनुसार यस जिल्लाको जनधनत्व २१९ प्रति वर्ग किलोमिटर भएकोमा सो बढेर २०५८ सालको जनगणनामा २५७ जना प्रति वर्ग किलोमिटर भएको छ । ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा जनधनत्व झण्डै साढे दुई गुणा वढी रहेको छ ।

**तालिका २.५: ग्रामीण तथा शहरी जनसंख्या**

| क्र.स. | | ग्रामीण | शहरी | जम्मा |
|---|---|---|---|---|
| १ | जनसंख्या | २६७२८५ | २११९३ | २८८४७८ |
| | पुरुष | १३२३९२ | १०३३९ | १४२७३१ |
| | महिला | १३४८१३ | १०८५४ | १४५७४७ |
| २ | परिवार संख्या | ४८१३५ | ४२३४ | ५३१६९ |
| ३ | परिवारको आकार | ५.६ | ५.० | ५.४ |
| ४ | क्षेत्रफल वर्ग कि.मी. | १०८६.४९ | ३४.५१ | ११२१ |
| ५ | जनधनत्व प्रति वर्ग कि.मी. | २४६ | ६१४ | २५७ |

*श्रोत : राष्ट्रिय जनगणना २०५८, केन्द्रीय तथ्याङ्क विभाग ।*

नुवाकोट जिल्लामा वस्तीहरु बारे कुनै तथ्याङ्क उपलब्ध छैन । तराईमा जस्तै कुनै पनि गा.वि.स.मा वस्तीहरु एकै ठाँउमा झुरुप्प  रहेका छैनन् । केही ठाँउमा ८/१० घर झुरुप्प रहेका छन् भने केही ठाँउमा १/२ घर रहेका छन् । यसैले वस्ती अनुसारको जनसंख्या विश्लेषण गर्न संभव भएन ।

यस जिल्लामा सबैभन्दा धेरै जनसंख्या विदुर नगरपालिका (२११९३ ) मा रहेको छ भने गाउँ विकास समितिहरु मध्ये मदानपुरमा सबै भन्दा धैरै र वर्सुन्चेतमा सबै भन्दा कम (५५४)  रहेको छ । जनघनत्वको हिसाबले हेर्दा ग्रामीण क्षेत्रमा सवैभन्दा बढी जनघनत्व कविलास गा.वि.स.मा (५६६ प्रति वर्ग कि.मि.) र सवैभन्दा कम ध्याङफेदी गा.वि.स.मा (२७ प्रति वर्ग कि.मि. ) रहेको देखिन्छ । दोस्रो उच्च जनघनत्व भएको गा.वि.स. थानसिङ (४८०.२ प्रति वर्ग कि.मि.) रहेको छ ।

## तालिका २.६ : न.पा. तथा गा.वि.स.हरुको जनसंख्या तथा घरधुरी विवरण

| क्र.सं. | गा.वि.स./न.पा.को नाम | वि.सं. २०५८ | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | परिवार संख्या | जनसंख्याजम्मा | पुरुष | महिला | २०४८-२०५८जनसंख्या वृद्धिदर | औषत परिवार सङ्ख्या | जनघनत्व प्रति व. कि.मि. |
| १ | बागेश्वरी | १०१५ | ५४४४ | २६८५ | २७५९ | १.४८ | ५.४ | ४१३.६ |
| २ | वालकुमारी | ४८६ | २४४५ | १२१६ | १२२९ | १.६६ | ५.० | १८९.८ |
| ३ | बर्सुन्चेत | १११ | ५५४ | २७१ | २८३ | -०.९३ | ५.० | १०७.३ |
| ४ | बेलकोट | १४०३ | ७७७६ | ३९०२ | ३८७४ | १.३८ | ५.५ | २७०.२ |
| ५ | बेतिनी | ७५५ | ४०३७ | १९९६ | २०४१ | १.७२ | ५.३ | १२२.३ |
| ६ | भद्रुटार | ७२२ | ३११६ | १५८७ | १५२९ | -१.२३ | ४.३ | २१८.६ |
| ७ | भाल्चे | ६९३ | ३५१३ | १७४९ | १७६४ | १.७६ | ५.१ | १३६.४ |
| ८ | विदुर न.पा. | ४२३४ | २११९३ | १०३३९ | १०८५४ | १.२५ | ५.० | ६१३.४ |
| ९ | बुधसिङ | ६५६ | ३५२३ | १६७३ | १८५० | १.२४ | ५.४ | १८९.८ |
| १० | बुङताङ | ५३१ | २५९७ | १२५३ | १३४४ | १.३५ | ४.९ | १९१.२ |
| ११ | चारघरे | ८८५ | ५१९७ | २६०५ | २६०५ | ०.१४ | ५.९ | ३००.४ |
| १२ | चतुराले | ६७२ | ३६१३ | १७७४ | १७७४ | -३.९४ | ५.४ | ३३७.६ |
| १३ | चौघडा | १०२७ | ५८९९ | ३०५७ | ३०५७ | ०.१८ | ५.७ | ४६२.६ |
| १४ | चाउथे | ६१५ | ३५७४ | १७६१ | १७६१ | २.५९ | ५.८ | २०४.१ |
| १५ | छाप | ४२६ | २१९४ | १११७ | १११७ | १.८४ | ५.२ | २२७.१ |
| १६ | दाङसिङ | ६३५ | ३४०५ | १७३९ | १७३९ | १.३७ | ५.४ | ३४०.५ |
| १७ | देउराली | ९२० | ४१४९ | २१५९ | २१५९ | ०.७६ | ४.५ | २२१.० |
| १८ | दुईपिपल | १२६८ | ७३२७ | ३६७३ | ३६७३ | २.३६ | ५.८ | २१६.० |
| १९ | फिकुरी | ५५४ | ३००२ | १४७२ | १४७२ | २.३६ | ५.४ | ३५९.५ |
| २० | गणेशस्थान | ७१८ | ३८९८ | १९२३ | १९२३ | १.३३ | ५.४ | ४०९.८ |
| २१ | गाऊखर्क | ५७३ | २९८२ | १५३७ | १५३७ | ०.११ | ५.२ | १३५.५ |
| २२ | गेर्खु | १३४१ | ७३२७ | ३७८० | ३७८० | १.६७ | ५.५ | ४१७.० |
| २३ | घ्याङफेदी | ५५० | २७८९ | १२९० | १२९० | ०.८२ | ५.१ | २७.७ |
| २४ | गोरस्याङ | ६९९ | ३८९० | १९८९ | १९८९ | १.३१ | ५.६ | १९३.५ |
| २५ | जिलिङ | ११५६ | ६४५३ | ३३२२ | ३३२२ | १.५९ | ५.६ | ३०५.१ |
| २६ | कविलास | ८५६ | ४९२३ | २४२९ | २४२९ | २.८३ | ५.८ | ५६६.५ |
| २७ | ककनी | १३९६ | ७६०४ | ३८४३ | ३८४३ | -०.२७ | ५.४ | ३९६.६ |
| २८ | हल्देकालिका | ६८७ | ३८६१ | १९०७ | १९०७ | १.८६ | ५.६ | ३८८.८ |
| २९ | कल्याणपुर | ११६४ | ६७६३ | ३४४८ | ३४४८ | २.०६ | ५.८ | २९७.९ |
| ३० | काउले | ६७६ | ३३२१ | १७४२ | १७४२ | १.१० | ५.९ | २६०.८ |
| ३१ | खडगभन्ज्याङ | १२५४ | ६६६५ | ३२१६ | ३४४९ | ०.६९ | ५.३ | ३७१.१ |
| ३२ | खरानीटार | ३३५ | १७२३ | ८७९ | ८७९ | १.२३ | ५.१ | ४०६.४ |
| ३३ | खानीगाऊ | १०७३ | ५६७० | २९८६ | २९८६ | १.६२ | ५.३ | ३९०.५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३४ | किम्ताङ | ४५१ | २२०४ | ११३३ | ११३३ | १.०५ | ४.९ | ६७.७ |
| ३५ | कुमरी | १४४६ | ८२७८ | ४११० | ४१६८ | २.४८ | ५.७ | २५१.५ |
| ३६ | लच्याङ | ७६३ | ४१२५ | २११२ | २०१३ | १.२७ | ५.४ | २६६.१ |
| ३७ | लिखु | ५६२ | २९९६ | १४७१ | १५२५ | १.६२ | ५.३ | २५१.७ |
| ३९ | महाकाली | ६९१ | ३७१८ | १८१४ | १९०४ | ०.७७ | ५.४ | २२६.९ |
| ४० | मनकामना | ७२० | ३७४४ | १८३२ | १९१२ | २.०६ | ५.२ | ४०१.२.२ |
| ४१ | नर्जामण्डप | ९६३ | ५४११ | २७४१ | २६७० | १.८६ | ५.६ | ४०४.७ |
| ४२ | ओखरपौवा | १२७४ | ७२७७ | ३७०० | ३५७७ | २.६७ | ५.७ | ३८५.० |
| ४३ | पञ्चकन्या | ४९५ | २८६८ | १३९३ | १४७५ | १.२५ | ५.८ | ३४९.७ |
| ४४ | रालुकादेवी | ९२५ | ५२११ | २५९५ | २६१६ | २.०७ | ५.६ | २८८.६ |
| ४५ | रातमाटे | ६७५ | ३८१८ | १८६३ | १९५५ | २.४२ | ५.७ | ३३६.६ |
| ४६ | राउतबेसी | ६३१ | ३३०७ | १६५१ | १६५६ | ०.८१ | ५.२ | ३०२.० |
| ४७ | साल्मे | ३८९ | १९९८ | १०२७ | ९७१ | १.७६ | ५.० | ८२.४ |
| ४८ | सामरी | १११८ | ५६९० | २७४२ | २९४८ | २.४३ | ५.१ | २२५.३ |
| ४९ | समुन्द्रादेवी | ६८१ | ३९६५ | १९८९ | १९७६ | २.८४ | ५.८ | २३५.३ |
| ५० | समुन्द्रटार | ४०७ | २०४६ | ९८९ | १०५७ | ०.९६ | ५.० | ३३६.५ |
| ५१ | शिखरबेसी | ६७८ | ३५०४ | १७८६ | १७१८ | १.२९ | ५.२ | १६२.४ |
| ५२ | सिक्रे | ४०३ | २०६८ | ९६२ | ११०६ | ०.७९ | ५.१ | १३५.१ |
| ५३ | सुन्दरादेवी | ४८८ | २४६४ | १२२४ | १२४० | १.४८ | ५.० | ३९३.६ |
| ५४ | सुनखानी | ५३२ | २९४७ | १४३४ | १५१३ | २.३१ | ५.५ | २८४.७ |
| ५५ | सूर्यमती | ६८५ | ४०४७ | १९५१ | २०९६ | ३.९३ | ५.९ | ३७६.१ |
| ५६ | तलाखु | ६७४ | ३५२९ | १७५५ | १७७४ | १.२१ | ५.२ | १७५.५ |
| ५७ | तारुका | १०३७ | ५६४३ | २६७७ | २९६६ | १.५३ | ५.४ | ३७६.२ |
| ५८ | थानापति | ६२६ | ३३८४ | १६४५ | १७३९ | १.११ | ५.४ | २४३.४ |
| ५९ | थानसिङ | १३१९ | ७३२४ | ३५९६ | ३७२८ | २.०८ | ५.६ | ४८०.२ |
| ६० | थप्रेक | ७४१ | ४०६९ | १९९९ | २०७० | १.२७ | ५.५ | २६७.७ |
| ६१ | तुप्चे | ११६२ | ६२६४ | ३०७६ | ३१८८ | १.३७ | ५.४ | ३३६.७ |
| ६२ | उर्लेनी | ६९७ | ३९७६ | २०२२ | १९५४ | १.७७ | ५.७ | १५१.४ |
| **नुवाकोट** | | **५३१६९** | **२८८४७८** | **१४२७३१** | **१४५७४७** | **१.६२** | **५.४** | **२५७.३** |

*श्रोत : राष्ट्रिय जनगणना २०५८, केन्द्रीय तथ्याङ्क विभाग ।*

## २.६ धर्म, जनजाति तथा भाषागत जनसंख्या बिबरण

### २.६.१ जातजाति

यस जिल्लामा सवैभन्दा वढी तामाङ्ग जातिका मानिसहरु वसोवास गर्छन । कूल जनसंख्याको ३५.५ प्रतिशत तामाङ्ग जाति छन् । तामाङ्ग पछि क्रमशः ब्राम्हण (२१.४ प्रतिशत), क्षेत्री (१३.७ प्रतिशत), नेवार (७.५ प्रतिशत) जातीका छन् भने गुरुङ्ग, मगर, राई (७.४ प्रतिशत) र दमै, कामी, सार्की जाति (६.२ प्रतिशत) छन् । अन्य विविध जातजातिहरु ८.३ प्रतिशत छन् ।

**तालिका २.७ : जातजातिको विवरण**

| जात | ब्राम्हण | क्षेत्री | तामाङ्ग | गुरुङ्ग, मगर, राई | दमै, कामी, सार्की | नेवार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| जनसंख्या | ६२६७२ | ३९४८१ | १०२३२५ | २१३६२ | १७८३५ | २१७५७ | २४०४६ | २८८४७८ |
| प्रतिशत | २१.४ | १३.७ | ३५.५ | ७.४ | ६.२ | ७.५ | ८.३ | १००.० |

*श्रोत : राष्ट्रिय जनगणना २०५८, केन्द्रीय तथ्याङ्क विभाग ।*

## २.६.२ धर्म अनुसार जनसंख्या

यस जिल्लामा अधिकांश जनता (६१.१३ प्रतिशत) हिन्दु धर्मावलम्बीहरु छन् । हिन्दु पछिको दोश्रो मुख्य धर्म बौद्ध (३७.७ प्रतिशत) रहेको छ । अन्य धर्महरुमा क्रिश्चियन (०.५१ प्रतिशत), किरात (०.३५ प्रतिशत) र इस्लाम (०.१३ प्रतिशत) छन् । यी वाहेक यस जिल्लामा जैन, शिख, वहाई र अन्य धर्मावलम्बीहरु पनि छन् तर यी अत्यन्तै कम छन्  र कूल जनसंख्याको ०.०७ प्रतिशत मात्र छन् ।

## २.६.३ भाषा अनुसार जनसंख्या

यस जिल्लामा आधा भन्दा बढी जनसंख्या नेपाली भाषा बोल्ने गर्छन् भने त्यसपछिका वढी प्रचलित भाषाको रुपमा तामाङ्ग (३६.८ प्रतिशत) र नेवार (२.९ प्रतिशत) देखिएको छ ।




## २.७ जनसंख्या प्रक्षेपण

कुनै पनि जिल्लाको जनसंख्या वृद्धिमा प्रभाव पार्ने तत्वहरु जन्मदर, मृत्युदर र बसाई सराई हुन् ॥ जनसंख्या वृद्धिमा परिवार नियोजनले पनि प्रभाव पार्दछ । यसैले भविष्यमा यी तत्वहरुको प्रवृत्ति कस्तो रहन्छ त्यसवाट नुवाकोट जिल्लाको जनसंख्या वृद्धि निर्धारण हुने हुन्छ । यदि २०४८-२०५८ कै वृद्धिदर १.६२ प्रतिशत कायम रहेमा यस जिल्लाको जनसंख्या ४२.१ वर्षमा दोब्वर हुने देखिन्छ ॥ गा.वि.स. अनुसार जनसंख्या २०६९/७० मा पुग्ने जनसंख्या र जनसंख्या दोब्वर हुन लाग्ने वर्ष तालिका २.८ मा दिइएको छ ।